अमेरिकी राजदूतावास
पब्लिक अफेयर्स कार्यालय
काठमाडौं, नेपाल
फोन : ४००-७२००

असोज १८, २०६४

## संविधान सभाको निर्वाचन प्रक्रिया स्थगित भएकोमा अमेरिका निराश

संविधान सभा निर्वाचनको कार्यक्रम स्थगित गर्ने नेपालको अन्तरिम सरकारको निर्णयबाट संयुक्त राज्य अमेरिका निराश भएको छ । यसबाट नेपाली जनता नेपालको आगामी सरकारको स्वरुप निर्धारणका लागि प्रतिनिधिहरु समयमै निर्वाचित गर्न पाउने अवसरबाट बन्चित भएका छन् । सबै दलहरु यथाशीघ्र नयाँ निर्वाचन मिति तय गर्नका लागि पूर्ण प्रतिबद्ध हुनु आवश्यक छ । संविधान सभाको निर्वाचनका लागि आवश्यक कानुनी, प्राविधिक तथा व्यवस्थापकीय चुनौतिहरु पूरा गरेकोमा संयुक्त राज्य अमेरिका निर्वाचन आयोगको प्रशंसा गर्न चाहन्छ । हामी नेपाल सरकारलाई बृहत शान्ति सम्झौताअनुसार पूरा गर्न बाँकी सम्पूर्ण विषयलाई दलहरुको पूर्ण सहयोगमा तुरुन्तै पूरा गर्न र विभिन्न जातीय समूहहरुसँग गरेका सम्झौताहरुको कार्यान्वयन गर्न आग्रह गर्दछौं । अहिले र संविधान सभाको निर्वाचनको बीचको समयलाई अन्तरिम सरकारले आफू जनताप्रति उत्तरदायी भएको र नेपाली जनताको जीवनमा सुधार ल्याउने प्रतिबद्धता पूरा गर्न सक्षम भएको देखाउनका लागि उपयोग गर्नु आवश्यक छ ।

###